# Press Release

**ChildSafeNet and UNICEF Publish White Paper on Cyber Safety**

Lalitpur, 10 February 2021. Observing the Safer Internet Day 2021, ChildSafeNet and UNICEF Nepal published a white paper on protecting children and young people online, on 9 February 2021.

The white paper includes a comprehensive assessment on children and young people's internet use, online risks for them and their vulnerability to online abuse and exploitation.

The white paper was developed by ChildSafeNet, an organisation working to make the internet safer for children and young people, in collaboration with UNICEF Nepal. The white paper also includes review of the policies, plans, response mechanisms and gaps related to protection of children and young people online.

Over the past decade, internet use has seen a rapid increase in Nepal. According to Nepal Telecommunications Authority, 80.07 per cent Nepalese have access to internet, whereas only 2.65 per cent people were connected to internet in 2010. As stated in a report of survey, conducted by ChildSafeNet and UNICEF Nepal, one in four children and young people spend more than ten hours online after the COVID-19 outbreak.

Anil Raghuvanshi, founder and president of ChildSafeNet, said, "Despite this exponential rise, awareness levels on internet safety still remains very low. As a result, children and young people, are at an increased risk to online risks such as online sexual abuse and exploitation, cyberbullying, cyber grooming and phishing."

Speaking at the virtual launch of the white paper, Inah Fatoumata Kaloga, Chief, Child Protection, UNICEF Nepal, said that the white paper is expected to help in filling the gaps in knowledge on online safety for children and young people in Nepal and make the gravity of the issue more visible.

Raghuvanshi informed that, in order to prepare the white paper, ChildSafeNet conducted a desktop review of over 120 research reports, policy documents, laws and international instruments related to protection of children and young people online. Likewise, inputs and recommendations were collected from six virtual workshops and 21 key informant interviews with child online protection experts and stakeholders.

Kapil Aryal, human rights lawyer and lecturer at Kathmandu Law School reviewed the policies and laws related to protection of children and young people in Nepal and contributed as a content writer of the white paper. According to Aryal, the Electronic Transactions Act 2063 is being used in all cases related to cybercrimes, which does not define cybercrimes against children. Moreover, the Kathmandu District Court remains the only court designated to hear cases filed under this Act.

Since The Act Relating to Children 2075 prohibits exploitation children from online sexual abuse and exploitation and defines online offences against, Aryal suggested using this Act for the cases related to online offences against children. Moreover, the Criminal Code 2074 can also be used, which, penalises cybercrimes, online harassment, threatening, insulting and improper behaviour.

Kaloga said, "The white paper is an evidence-based tool. It is expected to contribute in policy development, programme planning and advocacy to increase engagement of the government, civil society, private sector, parents, teachers and other stakeholders to make the internet safer."

The white paper provides a set of actionable recommendations to the government, civil society organisations, private sector, parents, teachers, children and young people in order to make the digital technologies safer for children and young people.

**Media Contacts**


Anil Raghuvanshi
Founder/President, ChildSafeNet
Jawalakhel, Lalitpur, Nepal
Email: anil.raghuvanshi@childsafenet.org
Tel: +977 9841115353

Aakriti Maya Aryal
Communications Associate, ChildSafeNet
Jawalakhel, Lalitpur, Nepal
Email: aakritimaya98@gmail.com
Tel: +977 9849646867


**About ChildSafeNet:** ChildSafeNet (www.childsafenet.org) is a non-governmental organization, working to make digital technology safer for children and young people. We work to raise awareness on safer use of the internet and digital devices to protect children and young people from Internet addiction, online sexual abuse and exploitation, cyber-bullying, phishing, gaming addiction and to promote digital literacy.

| | |
|---|---|
| Facebook | www.facebook.com/childsafenetnepal |
| Instagram | www.instagram.com/childsafenet |
| YouTube | www.youtube.com/childsafenet |
| Twitter | www.twitter.com/childsafenet |

ChildSafeNet

# प्रेस विज्ञप्ति

## बाल साइबर सुरक्षाबारे श्वेत-पत्र

ललितपुर, २०७७ माघ २८ गते

सुरक्षित इन्टरनेट दिवस २०२१ को अवसरमा चाइल्डसेफनेट र युनिसेफ नेपालले बालबालिका र युवाको अनलाइन सुरक्षाबारे एक श्वेत-पत्र प्रकाशित गरेको छ ।

बालबालिका र युवाको इन्टरनेट प्रयोगका साथै उनीहरूमाथि हुने अनलाइन जोखिम, दुर्व्यवहार र शोषणबारे विस्तृत जानकारी समाबेश यस श्वेत-पत्र, युनिसेफ नेपालको सहयोगमा बालबालिका र युवाहरूका लागि इन्टरनेट सुरक्षित बनाउन कार्यरत संस्था चाइल्डसेफनेटले तयार पारेको हो । श्वेत-पत्रमा बालबालिका र युवाको अनलाइन सुरक्षाबारे नीति, योजना, सहयोग संयन्त्र र कार्यान्वयनसम्बन्धि कमीबारे पनि समीक्षा गरिएको छ ।

गत दश वर्षभित्र नेपालमा इन्टरनेटको प्रयोगमा द्रुत वृद्धि भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार हाल ८०.०७ प्रतिशत नेपालीको पहुँच इन्टरनेटमा छ, जबकि २०१० मा २.६५ प्रतिशतमा मात्र इन्टरनेटको पहुँच थियो । चाइल्डसेफनेट र युनिसेफ नेपालले गरेको एक सर्वेक्षणमा कोभिड-१९ को प्रकोप पछि नेपालमा चारजनामा एकजना बालबालिका वा युवाले दिनको १० घण्टा भन्दा बढी इन्टरनेट चलाउने गरेको पाइएको छ ।

चाइल्डसेफनेटका संस्थापक अध्यक्ष अनिल रघुवंशीले श्वेत-पत्रको भर्चुअल सार्वजिनिक कार्यक्रममा भने, “इन्टरनेटको पहुँच र प्रयोग बढेता पनि इन्टरनेट सुरक्षाबारे चेतनाको स्तर अझै पनि कम छ। परिणामस्वरूप बालबालिका र युवाहरू अनलाइन यौन दुर्व्यवहार, अनलाइन यौन शोषण, साइबर बुलिङ्ग, साइबर ग्रुमिङ्ग र फिसिङ्ग जस्ता अनलाइन जोखिममा बढी परेका छन् ।”

सोही कार्यक्रममा युनिसेफ नेपालका बाल संरक्षण प्रमुख इनाह फाटुमाटा कालोगाले भने, “यस श्वेत-पत्रले नेपालमा बालबालिका र युवाहरूकालागि अनलाइन सुरक्षामा ज्ञानको कमीलाई पूरा गर्न सहयोग पुऱ्याउने अपेक्षा गरेका छौं । यसले बालबालिका र युवाहरूकालागि अनलाइन सुरक्षाको आवश्यकता र गम्भीरतालाई उजागर गर्न पनि सहयोग पुऱ्याउनेछ । ”

रघुवंशीका अनुसार यस श्वेत-पत्र तयार गर्न चाइल्डसेफनेटले १२० भन्दा बढी अनुसन्धान प्रतिवेदनहरु, नीतिहरु, ऐन र अनलाईन र बालबालिकाको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरुको गहन अध्ययन र समीक्षा गरेको थियो । यसैगरी, २१ जना बाल अनलाईन सुरक्षा विज्ञहरु र छ वटा भर्चुअल गोष्ठीहरुबाट सूचना र सुझावहरु पनि संकलित गरेको थिए ।

मनव अधिकार कानुनविज्ञ तथा काठमाडौं ल स्कूलका प्राध्यापक र श्वेत-पत्रका एक लेखक कपिल अर्यालका अनुसार नेपालमा साइबर अपराध सम्बन्धी सबैजसो केसमा विद्युतीय कारोबार ऐन २०६३ प्रयोग भइरहेको छ । यस ऐनमा बालबालिकाको अनलाइन सुरक्षासम्बन्धि खासै ब्याख्या गरिएको छैन । यसबाहेक, काठमाडौं जिल्ला अदालतलाई मात्र यस ऐन अन्तर्गत दर्ता भएका मुद्धाहरु सुनुवाइकालागि तोकको हुँदा काठमाडौं बाहिरका पीडितलाई कठिनाइ भएको छ ।

बालबालिकासम्बन्धि ऐन २०७५ मा बालबालिकालाई अनलाइन यौन दुर्व्यवहार, अनलाइन यौन शोषण, बालबालिकाको अश्लील चित्रण लगायतका अनलाइन अपराधबाट सुरक्षित राख्ने प्रावधान भएको हुँदा अर्यालले बालबालिका विरुद्धका अनलाईन अपराधमा यस ऐन प्रयोग गर्न सुझाव दिए । साथै, मुलुकी अपराध संहिता २०७४ ले पनि अनलाइनको माध्यम प्रयोग गरि हुने अपराध निषेधित गरेको हूँदा सम्बन्धित मुद्धाको लागि यस ऐन प्रयोग गर्न सकिनेबारे पनि उनले जानकारी दिए ।

श्वेत-पत्रको प्रयोग कसरी गर्न सकिन्छ भन्ने जानकारी दिँदै कालोगाले भने, “यस श्वेत-पत्र प्रमाणको आधारमा तयार पारिएको हुँदा बालबालिका र युवाको इन्टरनेट प्रयोग सुरक्षित बनाउनको लागि यसले सरकार, नागरिक समाज, निजी क्षेत्र, अभिभावक, शिक्षक र अन्य सरोकारवालाहरुको सहभागिता र उत्तरदायित्व बढाइ आवश्यक नीति निर्माण, कार्यक्रम योजना र पैरवी गर्न योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । ”

यस श्वेत-पत्रले सरकार, नागरिक समाज संगठनहरू, निजी क्षेत्र, अभिभावक, शिक्षक, बालबालिका र युवाको इन्टरनेट प्रयोग सुरक्षित बनाउन सुझाव पनि दिएको छ ।

(समाप्त)

**थप जानकारीका लागि सम्पर्क** :


अनिल रघुवंशी
अध्यक्ष, चाइल्डसेफनेट
जावलाखेल, ललितपुर, नेपाल ।
ई-मेल : anil.raghuvanshi@childsafenet.org
फोन : ९८४११५३५३
www.childsafenet.org

आकृति माया अर्याल
संचार सहायक, चाइल्डसेफनेट
जावलाखेल, ललितपुर, नेपाल ।
ई-मेल : aakritimaya98@gmail.com
फोन : ९८४९६४६८६७


**चाइल्डसेफनेटबारे :** चाइल्डसेफनेट बालबालिका तथा युवा वर्गका लागि डिजिटल प्रविधिलाई सुरक्षित बनाउनका लागि कार्यरत गैरसरकारी संस्था हो । ईन्टरनेटसम्बन्धी लत, अनलाइन यौन दुर्व्यवहार तथा शोषण, साइबर-बुलिङ्ग, फिसिङ्ग, अनलाइन गेमसम्बन्धी लतबाट बालबालिका तथा युवा वर्गलाई सुरक्षित गर्नका लागि इन्टरनेट तथा डिजिटल सामग्रीको सुरक्षित प्रयोगबारे चेतना जगाउन र डिजिटल साक्षरता प्रवर्द्धन गर्नका लागि चाइल्डसेफनेटले काम गरिरहेको छ ।

| | |
|---|---|
| फेसबूक | www.facebook.com/childsafenetnepal |
| ईन्स्टाग्राम | www.instagram.com/childsafenet |
| यूट्यूब | www.youtube.com/childsafenet |
| ट्वीटर | www.twitter.com/childsafenet |